# बैठक नं. ७२

आज मिति २०७७ बैशाख १० गते बुधबार दिनको ०५:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

कोरोना भाइरस (कोभिड १९) रोगका कारण नेपाल सरकारबाट घोषणा गरिएको बन्दाबन्दी ( Lockdown) को अवधिमा खानेकुराको अभाव भई अप्ठेरोमा परेका असंगठित क्षेत्रका मजदुरहरु, असहाय वर्ग , विद्यार्थी तथा अपांग व्यक्तिलाई दोस्रो चरणको राहत वितरण गर्न सामग्री खरिद गरिसकिएकोले मिति २०७७ वैशाख ११ गतेका दिन सम्ममा सबै वडाहरुले राहत पाउने व्यक्ति/परिवारहरुको तथ्याङ्क वडास्तरको सर्वपक्षीय वैठकबाट अन्तिम रुप दिई नगरपालिकामा पठाइ सक्ने र संकलित तथ्याङ्क बमोजिमका व्यक्तिहरुलाई वडास्तरबाटै सार्वजनिक सूचना गरी २०७७ साल वैशाख १४ गते आइतबार देखि सबै वडाबाट राहत वितरण गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.२

राहत नपाई वा खाद्यान्नको अभावमा अप्ठेरोमा परेका व्यक्तिहरुलाई टेलिफोन सम्पर्कका आधारमा समेत घरघरमा राहत वितरणका लागि द्रुत प्रतिकार्य समूह (Rapid Response Team) तथा वितरण टोलीले खाद्यान्न वितरण गरिरहेकोले वितरण टोली र वडाले वितरण गर्ने राहतमा दोहोरो नपर्ने गरी आपसी समन्वय गरेर मात्र राहत वितरण गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.३

लकडाउनका कारण सिर्जित असहज परिस्थितिमा नगरपालिकाले आफ्नो स्रोतबाट र सहयोगी हातहरुसँग समेत समन्वय गरी कीर्तिपुरमा बस्ने पीडित र प्रभावित सबैलाई विना कुनै भेदभाव राहत वितरण गर्ने गरिरहेको अवस्थामा विभिन्न संचार माध्यम र सामाजिक संजालमा नगरपालिकाको विरुद्धमा समचारहरु सम्प्रेषण भएका प्रति खेद प्रकट गर्दै सबैले एकबद्धता भएर कोरोना विरुद्धको लडाई लड्ने र राहत वितरणलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.४

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको मिति २०७६/११/१४ गतेको प्रकाशित सूचना अनुसार स्थानीय तहहरुबाट आगामि आ.व. २०७७/०७८ मा कार्यान्वयन हुने आयोजना/ कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्नु भनि आएको हुदाँ तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि अनुदान माग गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

| क्र.स | योजनाको विवरण | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | लाभान्वित संभाव्य जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कीर्तिपुर रिङ्गरोड- ट्याङ्लाचोक – सीता पेट्रोल पम्प सडक सुधार योजना | २,५८,७१,५३८।५६ | १,२९,३५,७६९।२८ | १०००० | समपूरक अनुदानको योजना |
| २ | ढल्पा- छुगाउँ सडक सुधार योजना | २,९७,२८,२५०।३० | १,४८,६४,१२५।१६ | ८००० | समपूरक अनुदानको योजना |
| ३ | नगाउँ – छुगाउँ – भत्केपाटी – पुष्पलाल सडक सुधार योजना | २,७७,४९,२२७।६८ | | १०००० | विशेष अनुदानको योजना |
| ४ | कीर्तिपुर रिङ्गरोड सडक सुधार योजना | २,९१,३६,६८९।०६ | | १५००० | विशेष अनुदानको योजना |